जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ६५ | २०८२ साल असोज १५ बुधवार | ( October 1, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## हुलाकी राजमार्ग निर्माणको काम अवरुद्ध



बिगूल समाचार
१५ असोज २०८२

कञ्चनपुर । भारतीय अवरोधका कारण कञ्चनपुरमा हुलाकी राजमार्ग निर्माणको कार्य अवरुद्ध भएको छ ।

बेलौरी नगरपालिका-८ पचुँइस्थित नेपाल-भारत सीमास्तम्भ नम्बर ३८ नजिक रहेको हुलाकी राजमार्ग सडकखण्डको करिब ७०० मिटर सडक आव २०७३-७४ मा ठेक्का भए पनि भारतीय अवरोधका कारण कार्य अगाडि बढन सकेको छैन ।

नगरप्रमुख पोतिलाल चौधरीका अनुसार भारतीय पक्षले इस्ट्रिप नक्साको आधार मान्दै सडक निर्माणको कार्यमा भारतीय सीमा सुरक्षा बल एसएसबीले निर्माणमा अवरोध पुर्याउँदै आएको छ । सीमा क्षेत्रभित्र पर्ने सडक भन्दै भारतीय पक्षले अवरोध गर्दै आएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार सडकखण्डको दक्षिणतर्फ ५० मिटरदेखि ३०० मिटर सम्म नेपाली जग्गाधनी पुर्जा भएको जमिन नेपालीले वर्षौंदेखि भोगचलन गर्दै आएका छन् । सडक निर्माणका लागि आवश्यक पहल गरिदिनका लागि प्रधानमन्त्रीलाई पत्रमार्फत अवगत गराइएको नगरप्रमुख चौधरीको भनाइ छ ।

## निङ्लाशैनी मन्दिरमा तीन सयभन्दा बढी राँगा–बोकाको बलिसहित परम्पराको निरन्तरता

बिगूल समाचार
१५ असोज २०८२

बैतडी । बैतडीको दशरथचन्द नगरपालिका-२ देहीमाडौँस्थित ऐतिहासिक निङ्लाशैनी भगवती मन्दिरमा यस वर्षको महाअष्टमीमा भव्य जात्रा लागेको छ ।

विहानैदेखि दर्शनार्थीको भीड बढ्दै जाँदा मन्दिर वरिपरि आस्था र श्रद्धाको वातावरण छाएको छ । जात्रामा स्थानीयबासी मात्र नभई टाढाटाढा र सीमावर्ती भारतीय क्षेत्रबाट समेत हजारौं भक्तजन देवीको दर्शनका लागि आएका मन्दिरका भण्डारे चक्रबहादुर बोहराले जानकारी दिनुभयो ।

मन्दिर परिसर ढोल-नगारा, शंखध्वनि र देवीको जयघोषले गुन्जायमान बनेको छ । भक्तजनले वैदिक विधिपूर्वक पूजाआजा गरी दुग्ध, फलफूल र पुष्प चढाए भने परम्परानुसार राँगा-बोकाको बलि दिने चलन पनि निरन्तर गरिएको बोहराले बताउनुभयो ।

मन्दिर व्यवस्थापन समितिका अनुसार यो बर्षपनि करिब तीन सयभन्दा बढी राँगा, बोकाको बलि चढाइदैछ ।

इतिहास र आस्थाको केन्द्रस्निङ्लाशैनी भगवतीलाई परापूर्वकालदेखि नै सुदूर पश्चिमको आस्थाकी देवीका रूपमा पूजा गरिँदै आएको छ । मौखिक इतिहासअनुसार यो मन्दिर प्राचीन



राजदरबारको संरक्षणमा स्थापना भएको हो। महाअष्टमीका दिन यहाँ हुने जात्रालाई ‘धार्मिक, सांस्कृतिक र सामाजिक उत्सव’ का रूपमा लिने गरेको मन्दिरका पुजारी देव दत्त भट्टले बताउनुभयो ।

जात्रालाई व्यवस्थित बनाउन यस वर्ष सुरक्षाकर्मी परिचालन गरिएका छन भने मन्दिर परिसरलाई मदिरा निषेध क्षेत्र घोषणा गरिएको जिल्ला प्रहरी भन्ने विश्वासका साथ पूजाआजा र बलि दिएका छन् । गाउँघरमा चहलपहल बढेको छ भने स्थानीय बजारमा पनि भीडभाड देखिएको दसरतचन्द नगरपालिका ०२ का स्थानीय लक्ष्मण बोहराले बताउनुभयो ।

महाअष्टमीको अवसरमा लागेको यो जात्रा बैतडी जिल्लाको धार्मिक आस्था मात्र होइन, सांस्कृतिक पहिचान र सामाजिक एकताको प्रतिकका रूपमा स्थापित हुँदै गएको स्थानीयहरुको भनाइ छ ।

## बैतडीमा बसको ठक्करबाट एक जनाको मृत्यु

बिगूल समाचार
१५ असोज २०८२

बैतडी । दशरथचन्द राजमार्ग अन्तरगत बैतडीको दशरथचन्द नगर पालिका-१ गुरुखोला विद्यालय गेट नजिकै बसको ठक्करबाट एक जनाको मृत्यु भएको छ ।

महाकाली यातायातको सु.प.प्र.०२००१



ख १०१७ नम्बरको बसले सोमबार दिउँसो ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

देहिमाण्डौ मेला हेरेर घर फर्किंदै गरेकी महिलालाई सतबाँजबाट देहिमाण्डौतर्फ जाँदै गरेको बसले ठक्कर दिएको प्रहरीले जानकारी दिएको हो । घटनाबारे थप विवरण आउन बाँकी छ ।

## गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडाल, डडेल्धुरा

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

## सम्पादकीय

# जेन-जी आन्दोलन र नेपालको नयाँ मोड

नेपालको राजनीतिक इतिहासमा पछिल्ला दिनहरू असाधारण बने । केही समयअघि दुई दिनमै भएको ‘जेन-जी आन्दोलन’ले दशकौँसम्म सत्ता र शक्तिमा पकड जमाइरहेका दलहरूलाई झुक्न बाध्य बनायो । आफ्नै स्थायित्वप्रति अत्यन्तै आत्मविश्वास राखेको सरकार अचानक राजीनामा दिन विवश भयो । सडकमा युवाहरू घोषणापत्र पढ्दै गर्दा नेताहरू आत्तिँदै भागिरहेका दृश्यहरूले देशलाई नै स्तब्ध तुल्यायो । यथार्थ र सपना बीच अड्किएको यो घटनाले नेपालको राजनीतिमा नयाँ अध्याय सुरु गरेको छ भन्नेमा शंका छैन ।

तर, आन्दोलनले उठाएका प्रश्नहरू सामान्य छैनन् । के यो दीर्घकालीन परिवर्तनको सुरुवात हो वा भावनात्मक विस्फोट मात्र ? दशकौंदेखि कायम भ्रष्टाचार, नातावाद र अवसरवादविरुद्ध युवाहरू सडकमा उत्रिएका हुन् । पुराना दलहरूको भरोसा गुम्यो, नेताहरूको नैतिकता भत्कियो । तर नयाँ विकल्प स्पष्ट छैन । यही अनिश्चितताले आन्दोलनलाई चुनौतीपूर्ण बनाएको छ ।

नेपालका नेताहरू किन जनताको नजरमा पतित भए भन्ने बुझ्न अब सजिलो छ । राज्यलाई सेवा होइन, व्यक्तिगत स्वार्थ र सञ्जालको केन्द्रमा सीमित राखियो । संसाधनलाई निजी सम्पत्ति जस्तै उपभोग गरियो । यिनै कारणले नयाँ पुस्तामा गहिरो असन्तोष जन्मियो । उनीहरूले राजनीति भनेको अवसर होइन, असमानताको कारखाना ठाने । यही सोचले सडकमा ‘परिवर्तन’ को नारा बोकेर निकाल्यो ।

आन्दोलन केवल राजनीतिक नारामा सीमित रहेन । यसले देशका संरचनाहरूलाई पनि क्षति पुर्यायो । सिंहदरबार देखि स्थानीय कार्यालयसम्म, सार्वजनिक सम्पत्ति आगो र तोडफोडले नष्ट भए । यसबीच निर्दोष नागरिकको ज्यान गयो, शहीदको परिवार पीडामा डुब्यो । आन्दोलनमा सामेल केही समूह लुटपाटमा संलग्न भएपछि नैतिक प्रश्नहरू पनि उठे । भ्रष्ट नेताहरूको अपराध देखाउनेहरूले आफैं पनि इमानको परीक्षा पास गर्न सकेनन् भन्ने आलोचना बढ्यो ।

विश्वका विभिन्न मुलुकका अनुभवहरूले देखाउँछ सडक आन्दोलनले सत्ता बदल्न सक्छ, तर प्रणालीगत सुधारका लागि उद्देश्य, संगठन र दीर्घकालीन दृष्टिकोण आवश्यक हुन्छ । ट्युनिसिया, हङकङ वा चिलीका उदाहरणले यही कुरा स्पष्ट गर्छन् । नेपालमा अहिले यही चुनौती छ । पुरानो सत्ता ढलिसकेको छ, तर नयाँ संरचना बनाउन अझै दृष्टि र संयम अभाव छ ।

यो अवस्था अवसर पनि हो, जोखिम पनि । नयाँ पुस्ता ऊर्जा, विचार र उत्साह बोकेर देशलाई नयाँ बाटोमा डोर्याउन सक्छ । तर त्यो ऊर्जा असंगठित रह्यो भने अराजकता जन्मन सक्छ । खरानीमाथि फूल उम्रन सक्छ, तर माटो तयार गर्न, बीउ रोप्न र पानी हाल्न आवश्यक हुन्छ । आन्दोलनले केवल प्रणाली भत्काउने मात्र होइन, नयाँ संस्कार निर्माण गर्ने जिम्मा पनि बोकेको छ ।

युवाहरूका मागहरू पारदर्शी शासन, कठोर भ्रष्टाचार विरोधी कानुन र स्वतन्त्र अख्तियार जस्ता संस्थाहरू हुन् । यी माग कुनै अराजकताका होइनन्, सुशासनका आधार हुन् । तर परिवर्तन सजिलो छैन । नयाँ नेतृत्व मात्र होइन, नागरिक चेतना पनि सुधारिनुपर्छ । लोकतन्त्र मतपत्रमा मात्र होइन, नागरिकको जिम्मेवारीमा पनि बाँच्ने कुरा हो । अन्ततः प्रश्न उठ्छ- देश कसले बनाउने ? जलेका पार्टी कार्यालय अगाडि उभिने नेताहरूले ? आन्दोलनलाई हिंसामा बदल्ने समूहले ? वा परिवर्तनको नारा बोकेका तर व्यवहारमा जिम्मेवार बन्नुपर्ने हामी सबै नागरिकले ? उत्तर सायद यी सबैमा छ । नेताले गल्ती स्वीकार गर्नुपर्छ, युवाले ऊर्जा योजनामा परिणत गर्नुपर्छ, र नागरिकले केवल दर्शक होइन, सहभागी बन्नुपर्छ ।

नेपाल अहिले खरानीले ढाकिएको छ । तर खरानीमै जीवनको बीउ हुन्छ । त्यो बीउ उम्रन्छ वा सुक्छ भन्ने हाम्रो सामूहिक चेतना, इमानदारी र कार्यक्षमतामा निर्भर छ । आन्दोलनले इतिहासको पाना पल्टाइसकेको छ । अब त्यस पानामा के लेखिन्छ भन्ने जिम्मेवारी हामी सबैको काँधमा छ ।

# शोकको छायामा आशाको दसैं



कविता शेरचन

**यो दसैंमा एउटै कामना छ, एउटै प्रार्थना छ। यही कि हामी सबैले आफ्नो सबैभन्दा ठूलो शक्ति, आफ्नो भोटको सदुपयोग गरौं। महिषासुरहरूलाई शीर उठाउनबाट रोकौं।**

दसैं- परिवार, परम्परा, र पर्व । तर यो दसैं न उल्लास छ मनमा, न उत्सवको माहौल । चाहेर पनि रमाउन मान्दैन यो मन । आखिर कसरी सक्छु म प्रसन्न हुन ? जब कैयौं घर परिवार शोकमग्न छन् । यो कस्तो दसैं ? कहिल्यै नसोचेको, कहिल्यै नभोगेको । कोलाहलमा पनि शून्यता छ, र शून्यतामा कोलाहल । अस्तव्यस्तता, अस्थिरता र अलमल । जस्तो देशमा, त्यस्तै मनमा । जेन-जी युवाहरूको निर्मम हत्याको पीडादायी स्मृति अझै ताजा छ । घाइतेहरूको घाउ आलै छ । अस्पतालमा उनीहरूको हृदयविदारक स्थिति देख्दा आँसु अझै रोकिँदैन । विध्वंशको अवशेष जताततै छरपष्ट छन् । हेर्दै मनमा डढेलो लाग्ने खंडहर जस्ता ठूलाठूला भवनहरू र तिनमा आगो र धुँवाले छोडेका काला पोतोहरू ।

एक महिना पनि भएको छैन, त्यो कालो दिनको । तर, खै कसले गरे आत्मविश्लेषण ? कसले गरे गल्ती स्वीकार ? जताततै देख्छु, एकअर्कालाई दोष लाउने र परिस्थितिको फाइदा उठाउन प्रयास गर्नेहरूको ठूलो होड । खै, कसरी बिर्से त्यो रक्तपात ? अनि ती सबै बीच यो दसैं ।

मस्तिष्क भन्छ यत्रो ठूलो चाड, मनाउनै पर्छ । आत्मा भन्छ धिक्कार छ, कति छिट्टै बिर्सियौ त्यो भयावह दिन र त्यसको रक्तरञ्जित परिणाम ! कसरी र किन आयो त्यो क्षण ? मन अझै बिचलित छ । त्यसैले वास्तविकता भुल्न र यथार्थबाट भाग्न विगतमै विचरण गर्दै छ आजकल ।

आँखा चिम्लियो कि अनुभूति गर्न सक्छु म सानो हुँदाको दसैं । बदलिँदो मौसमको शीतल आभास । हल्का चिसो, न्यानो घाम । बगैँचाभरि सयपत्री फूलहरू र नीलो आकाशमा र ंगीचंगी चंगाहरू । घरघरमा बज्ने मंगल धुन, र कौसीमा केटाहरूको चंगा । मन्दिरमा दर्शन गर्नेहरूको भिड, बजार मा किनमेल गर्नेहरूको हुल ।

’छोरी, यो घडामा सिधासिधा लाइन पारेर जौं रोप है’ घटस्थापनाको दिन बुबाले भन्नुहुने वाणी कानमा अझै बज्छ । मेरो अगाडि मेरो लागि तयार पारिएको माटो र गोबरको सानो डल्लो । छेवैमा मिलेको बालुवामा टीकाको लागि चाहिने थुप्रै जमराको व्यवस्था अरुले नै गर्थे तर घडा सजाउने काम सधैं मेरो । रातो माटोको घडामा ध्यानपूर्वक जौं रोप्दा म कति अल्हादित हुन्थे ।

दसैं लागेपछिको हाम्रो पूजाकोठाले मलाई मन्त्रमुग्ध पार्थ्यो । विशेषगरी गोकुल धुपको बासना, डमरुको ध्वनि र हरेक दिन घडामा बढ्दै गरेको जमरा । छेउमा छोपेर राखेको जमरा पहेँलो भयो कि भएन होला भन्ने अर्को उत्सुकता । झन् त्यसमाथि दसैं लागेपछि पूजाकोठामा बुबाको बढ्दो सक्रियता ।

पण्डित बाजेले हरेक दिन आएर गर्ने लामो पूजा । गाढा गुलाफी मिश्रित धोति-कुर्ता लगाउनुभएको पण्डित बाजे र झन्डै रातो कुर्ता लगाउनुभएको बुबा, अनि चण्डीपाठको आध्यात्मिक गुञ्जन । हुन त दसैँघरमा पुरुषले मात्रै पूजा गर्नुपर्छ भन्थे, तर मेरो बुबाआमा त्यस्तो नियम कहाँ मान्नुहुन्थ्यो र ? त्यसैले त मैले त्यहाँ पूजा हुँदै गर्दा निर्वाध रूपमा प्रवेश पाउँथे ।

पूजाकोठा मात्रै कहाँ हो र ? पुरै घरमानै छाएको हुन्थ्यो हर्ष र उल्लास । भान्छा कोठामा दसैंको लागि हुने विशेष चहलपहल । आमाले आफ्नै हातले बनाउने फुरंदाना, सेलरोटी, खल्पी, लप्सीको गुलियो अचार, मासुको कवाफ, र अन्य धेरै परिकार । अनि, सबै भन्दा रमाइलो टीकाको दिन लगाउने लुगा, जुत्ता र ब्यागको किनमेल ।

अहिलेजस्तो जति बेला मन लाग्यो त्यति बेला लुगा किन्ने चलन नै कहाँ थियो र ? रेडिमेड लुगाको पसल न्युरोडमा मात्रै र वर्षमा रेडिमेड लुगा किन्ने भनेकै जम्मा दुईपटक मात्रै । दसैं-तिहार र जन्म दिनको लागि । सोचिहेर्दा हामीले त्यतिबेला नयाँ लुगा किन्दा गर्ने खुसीको अनुभूति शायद अहिलेको बच्चाहरूले आईप्याड पाउँदा गर्छन् होला ।

त्यतिबेला त्यो नयाँ लुगा लगाएर आफन्तहरू कहाँ टीका थाप्न जाँदा, फुर्केर पाइलाहरू नाच्थे भने खामको दक्षिणा गन्दै ब्यागमा हाल्दा खुसीले औँलाहरू । कति सरल थियो जिन्दगी, कति साधारण हुन्थे चाहानाहरू । लुगा भए पुग्थ्यो, लेबलको कसलाई वास्ता ? टीकाउ र राम्रो जुत्ता भए हुन्थ्यो, ब्राण्डको मतलब नै कहाँ ? ब्याग, घडीहरू त झन् आवश्यकताको लागि मात्र त थिए । खै, कहिले र कसरी यी सबै विलासिता र बैभवका प्रतिक बन्न पुगे ? शरीर ढाक्न, हिँड्दा खुट्टा जोगाउन र सामान बोक्न चाहिने आधारभूत आवश्यकताका वस्तुहरू हाम्रो जस्तो गरिब देशमा कसरी ब्रान्डको प्रतिस्पर्धामा परिणत हुन पुगे ?

दुई चरम सीमामा पुगेपछि मात्र पेन्डुलम सन्तुलनमा आउँछ । हामीभन्दा पुराना मिहिनेतले कमाउने पुस्ताले चाहिनेभन्दा बढी मितव्ययीता अपनाए भने अहिलेका बिनामिहिनेत कमाएकाले विलासिताको चरम प्रदर्शन गरे । समाजमा व्याप्त असमानता र सम्पत्तिको अश्लील प्रदर्शनविरुद्धको यो भयङ्कर विस्फोटले शायद पेन्डुलम लाई अब सन्तुलित बनाउँछ । तर त्यो तब सम्भव छ जब हामी उठ्छौं ।

दशकौँदेखि हामीले उनीहरूसँग जवाफदेहिता माग नगरेका कारण, हरेक अत्याचार र राज्यको सम्पत्ति दोहन सहेका कारणले त आज भ्रष्टाचार पराकाष्टामा पुग्यो । भ्रष्टाचारीहरूमा आफैंलाई अजेय र अविनाशी ठान्ने हिम्मत आयो । दसैंमा महिषासुरमाथिको माता दुर्गाको विजय भनेको लोभ, क्रोध, स्वार्थ र अहंकार माथि आत्मसंयमको प्रतीकात्मक जित हो भन्ने सुनेथैं । पुरै भष्म नभए पनि अहिलेका महिषासुरहरू केही पराजित छन्, श्री हराएका छन् । तर कलियुगका ज्याद्रा महिषासुरहरूको अन्त्य यति सजिलै कहाँ सम्भव छ र ?

त्यसैले यो दसैंमा एउटै कामना छ, एउटै प्रार्थना छ । यही कि हामी सबैले आफ्नो सबैभन्दा ठूलो शक्ति, आफ्नो भोटको सदुपयोग गरौं । महिषासुरहरूलाई शीर उठाउनबाट रोकौं । अनि मात्र ती वीर युवाहरूको बलिदान सार्थक हुनेछ । अनि मात्र अलिकति ग्लानिमुक्त भई निदाउन सकिने छ । अनिमात्र अर्को दसैं खुसीका साथ मनाउन सकिने छ ।

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको बडा दशैं तथा शुभ दिपावलीको पावन अवसरमा सम्पूर्ण हाम्रा ग्राहक वर्ग, शुभचिन्तक र देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली नागरिकलाई सु-स्वास्थ्य एवम् उन्नती प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

करन साउँद
प्रकाशक / सम्पादक
लाल बिगुल राष्ट्रिय दैनिक डडेल्धुरा

शिखर नगरपालिका डोटीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिल्कोट , डोटी

अमरगढी नगरपालिका डडेल्धुराको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अमरगढी, डडेल्धुरा

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिक:- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुरा:- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुरा:- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुरा:- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुरा:- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुरा: | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटर:- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुरा:- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुरा:- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरा:- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुरा:- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरा:- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुरा:- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुरा:- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुरा:- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुरा:- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुरा:- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुरा:- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखा:- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुरा:- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुरा:- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुरा:- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुरा:- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुरा:- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुरा:- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुरा:- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुरा:- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुरा:- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुरा:- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना:- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुरा:- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय:- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुरा:- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुरा:- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुरा:- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुरा:- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुरा:- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुरा:- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरा:- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुरा:- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुरा:- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुरा:- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागि:- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पताल:- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुरा:- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुरा:- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुरा:- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुरा:- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुरा:- | ०९६-४२०१७९ |
| हरमस नेपाल:- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुरा:- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुरा:- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुरा:- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुरा:- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुरा:- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढा:- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुरा:- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्धारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्धारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्धार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्धारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोट: आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्धारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## साईपाल गाउँपालिका बझाङको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं । आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**साईपाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काडा, बझाङ**

## स्वास्थ्य शाखाको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

**स्वस्थ्य शाखा**
**अमरगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अमरगढी डडेल्धुरा**

लाल बिगूल राष्ट्रिय दैनिक
जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३
२०८२ साल असोज १५ बुधवार


# क्यानले सर्वजनिक गर्‍यो सन्दीपले वेस्ट इन्डिजसँगको सिरिज नखेल्नुको कारण

**बिगूल समाचार**
**१५ असोज २०८२**



काठमाडौँ । नेपाल क्रिकेट संघ (क्यान)ले सन्दीप लामिछानेले वेस्ट इन्डिजसँगको सिरिज नखेल्नुको कारण सार्वजनिक गरेको छ ।
बुधबार विज्ञप्ति सार्वजनिक गर्दै क्यानका सचिव पारस खड्काले सन्दीपले नखेल्नुको कारण सार्वजनिक गर्नुभएको हो ।
'नेपाल र वेस्ट इन्डिजको राष्ट्रिय क्रिकेट टोलीबिच सेप्टेम्बर २७ तारिखका दिन सञ्चालन गरिएको टी-२० आई सिरिज प्रतियोगिताको पहिलो खेल सुरु हुनु भन्दा ४५ मिनेट अघि सन्दीप लामिछानेले आफू स्वंयले उक्त म्याच नखेल्ने निर्णय गरेकोमा निजको उक्त निर्णयले टिम म्यानेजमेन्ट, खेलाडी एवंम् समग्र नेपाली क्रिकेटमै गम्भीर असर पर्न गएको हुँदा टिम म्यानेजमेन्टको सिफारिस अनुसार पहिलो खेल लगत्तै बाँकी दुई खेल एवम् नेपाल र वेस्ट इन्डिज बिचको टी-२० आई सिरिज क्रिकेट प्रतियोगिता अवधिभरको लागि निजलाई निलम्बन गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।'

## दशरथचन्द नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**दशरथचन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा गढी, बैतडी**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा

## मलौली नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिका
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिका
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मणिलेक, डडेल्धुरा**

## सिगास गाउँपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**सिगास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गर्जे, बैतडी**

डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा